# सिद्धार्थनगर नगरपालिका कार्यालय

## सिद्धार्थनगर, रुपन्देही

## सार्वजनिक सुनुवाई कार्यक्रम

## २०७१




मिति :– २०७१/११/२९

# सिद्धार्थनगर नगरपालिका कार्यालय

## सिद्धार्थनगर, रुपन्देही

## सार्वजनिक सुनुवाई कार्यक्रम

## २०७१

समय :– *१.०० बजे,* **उद्घोषक : श्री देवप्रसाद ज्ञवाली**

स्थान :– *सिद्धार्थनगर नगरपालिका कार्यालयको सभागृह*

मिति :– *२०७१/११/२९, शुक्रवार*

प्रस्तुत विषयमा सिद्धार्थनगर नगरपालिकाले सम्पादन गरेको विकास सम्बन्धि कार्यहरु र न.पा.ले प्रवाह गर्ने सेवा सुविधाको सम्बन्धमा सुशासन (व्यस्थापन र सञ्चालन ऐन २०६४, तत्सम्बन्धि नियमावली २०६५ र स्थानीय निकाय सार्वजनिक सुनुवाई कार्यविधि २०६७ तथा स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यबिधि २०६९ को परिच्छेद ९ को दफा ४९ बमोजिम प्रत्येक चौमासिक भित्र १/१ पटक गरी बर्षको ३ (तिन) पटक सार्वजनिक सुनुवाई गनुपर्ने व्यवस्था भए बमोजिम यस कार्यालयले दोश्रो चौमासिक अवधिको लागि आज **मिति २०७१ फाल्गुण २९ गते** यस सभागृहमा सार्वजनिक सुनुवाई कार्यक्रम आयोजना गरिएको हुँदा उपस्थित सवै पाहुनाहरुमा हार्दिक स्वागत तथा अभिवादन ।

### <u>आशन ग्रहण</u>

| क्र.स. | कार्यक्रम | नम | पद |
|---|---|---|---|
| | **सभापति** | श्री विष्णुदत्त गौतम | प्रमुख एवम कार्यकारी अधिकृत सि.न.पा. कार्यालय |
| | **अग्र स्थानमा आशन ग्रहण** | श्री सभापति ज्यू | नेपाली काग्रेस, नगर समिति |
| | **अग्र स्थानमा आशन ग्रहण** | श्री अध्यक्ष ज्यू | ने.क.पा. एमाले, नगर कमिटी |
| | **अग्र स्थानमा आशन ग्रहण** | श्री प्रतिनीधि ज्यू | ए.ने.क.पा. माओवादी, नगर कमिटी |
| | **अग्र स्थानमा आशन ग्रहण** | श्री अध्यक्ष ज्यू | राप्रपा, नेपाल नगर समिति |
| | **अग्र स्थानमा आशन ग्रहण** | श्री अध्यक्ष ज्यू | म.ज.अ.फोरम लोकतान्त्रीक, नगर समिति |

| | | | |
|---|---|---|---|
| | **अग्र स्थानमा आशन ग्रहण** | श्री अध्यक्ष ज्यू | जन अधिकार फोरम, नेपाल, नगर समिति |
| | **अग्र स्थानमा आशन ग्रहण** | श्री अध्यक्ष ज्यू | तमलोपा नगर समिति |
| | **अग्र स्थानमा आशन ग्रहण** | श्री अध्यक्ष ज्यू | राष्ट्रिय प्रजातन्त्र पार्टी, नगर समिति |
| | **अग्र स्थानमा आशन ग्रहण** | श्री अध्यक्ष ज्यू | राष्ट्रिय जनशक्ति पार्टी, नगर समिति |
| | **अग्र स्थानमा आशन ग्रहण** | श्री अध्यक्ष ज्यू | राष्ट्रिय जनमोर्चा, नगर कमिटी |
| | **अग्र स्थानमा आशन ग्रहण** | श्री अध्यक्ष ज्यू | नेपाल कम्युनिष्ट पार्टी एकिकृत, नगर कमिटी |
| | **अग्र स्थानमा आशन ग्रहण** | श्री अध्यक्ष ज्यू | राष्ट्रिय जनमुक्ति पार्टी, नगर कमिटी |
| | **अग्र स्थानमा आशन ग्रहण** | श्री अध्यक्ष ज्यू | नेपाल कम्युनिष्ट पार्टी, मार्क्सवादी नगर कमिटी |
| | **अग्र स्थानमा आशन ग्रहण** | श्री अध्यक्ष ज्यू | सद्भावना पार्टी, नगर समिति |
| | **अग्र स्थानमा आशन ग्रहण** | श्री अध्यक्ष ज्यू | ने.क.पा. संयुक्त, नगर कमिटी |
| | **अग्र स्थानमा आशन ग्रहण** | श्री अध्यक्ष ज्यू | म.ज.अ.फोरम गणतान्त्रिक, नगर समिति |
| | **अग्र स्थानमा आशन ग्रहण** | श्री अध्यक्ष ज्यू | ने.क.पा. माले, नगर कमिटी |
| | **अग्र स्थानमा आशन ग्रहण** | श्री ईन्चार्ज ज्यू | नेकपा माओवादी नगर कमिटी |
| | **अग्र स्थानमा आशन ग्रहण** | श्री अध्यक्ष ज्यू | सङ्घीय समाजवादी पार्टी, नगर समिति |
| | **अग्र स्थानमा आशन ग्रहण** | श्री अध्यक्ष ज्यू | अखण्ड नेपाल पार्टी, नगर समिति |
| | **अग्र स्थानमा आशन ग्रहण** | श्री ईन्चार्ज ज्यू | नेकपा माओवादी(मातृका समुह) नगर कमिटी |
| | **अग्र स्थानमा आशन ग्रहण** | श्री अध्यक्ष ज्यू | राष्ट्रिय जनता दल |
| | **अग्र स्थानमा आशन ग्रहण** | श्री प्रतिनीधि ज्यू | नेपाल पत्रकार महासंघ |
| | **अग्र स्थानमा आशन ग्रहण** | श्री प्रतिनीधि ज्यू | जिल्ला प्रशासन कार्यालय |
| | **अग्र स्थानमा आशन ग्रहण** | श्री प्रतिनीधि ज्यू | जि.वि.स. रुपन्देही |
| | **अग्र स्थानमा आशन ग्रहण** | श्री प्रतिनीधि ज्यू | जिल्ला प्रहरी कार्यालय, रुपन्देही |
| | **अग्र स्थानमा आशन ग्रहण** | श्री प्रतिनीधि ज्यू | जिल्ला ट्राफिक प्रहरी कार्यालय |

| | | | |
|---|---|---|---|
| | **अग्र स्थानमा आशन ग्रहण** | श्री प्रतिनीधि ज्यू | नेपाल विद्युत प्रधिकरण |
| | **अग्र स्थानमा आशन ग्रहण** | श्री प्रतिनीधि ज्यू | नेपाल टेलिकम |
| | **अग्र स्थानमा आशन ग्रहण** | श्री प्रतिनीधि ज्यू | जिल्ला जनस्वास्थ्य कार्यालय |
| | **अग्र स्थानमा आशन ग्रहण** | श्री प्रतिनीधि ज्यू | भिम अस्पताल |

| | | | |
|---|---|---|---|
| | *यथा स्थानमा आशन ग्रहण* | उपस्थित पत्रकार ज्यूहरु, बुद्धिजीविज्यूहरु, विभिन्न संघ संस्थाका प्रमुख तथा प्रतिनीधिज्यूहरु, नागरिक समाज, गन्यमान्य व्यक्तित्व, वडा नागरिक मन्चका पदाधिकारी, नागरिक सचेतना केन्द्रका पदाधिकारी, वातावरण तथा सरसफाई व्यवस्थापन समुहका पदाधिकारीहरु तथा सम्पूर्ण उपस्थित महानुभावहरु एवम कर्मचारीहरु | सवै सहभागीहरु |

**राष्ट्रिय गान :– सवैबाट**

**(१) कार्यक्रमको उद्देश्य सहित स्वागत मन्तव्य तथा गत मिति २०७१ कार्तिक ३० गते भएको सार्वजनिक सुनुवाईमा उठेका विषयहरुमा भएको कामको प्रगति सहितको प्रस्तुतिकरण**

**:– श्री शैलेन्द्र प्रसाद श्रेष्ठ**

वरिष्ठ ईन्जिनियर, सिद्धार्थनगर नगरपालिका कार्यालय

**(२) गत मिति २०७१ कार्तिक ३० गते भएको सार्वजनिक सुनुवाईमा उठेका विषयहरुमा भएको कामको प्रगति सहितको प्रस्तुतिकरण**

**श्री विवेक कुमार खनालज्यू,**

वरिष्ठ अधिकृत

**(३) गत मिति २०७१ कार्तिक ३० गते भएको सार्वजनिक सुनुवाईमा उठेका विषयहरुमा भएको कामको प्रगति सहितको प्रस्तुतिकरण**

**श्री गणेश बहादुर क्षेत्रीज्यू,**

वरिष्ठ अधिकृत

**(४) सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गरिदिनु हुन**

**श्री कार्यक्रम संयोजक टि.पि. भुषाल ज्यू,**

कामना मिडिया एण्ड प्रिन्टर प्रा.लि.

**(५) सहभागी बिचमा खुल्ला छलफल सवै सहभागीहरुबाट**

छलफलमा उठेका बिषय बस्तु टिपोट गर्ने :–

१. शैलेन्द्र प्रसाद श्रेष्ठ

२. विवेक कुमार खनाल

३. गणेश बहादुर क्षेत्री

४. गोपाल बन्जाडे

**मन्तव्य कार्यक्रम :–**

| क्र.स. | कार्यक्रम | नम | पद |
|---|---|---|---|
| १ | **मन्तव्य** | श्री राम बहादुर श्रेष्ठ | नेकपा एमाले |
| २ | **मन्तव्य** | श्री सुरेन्द्र जङ्ग थापा | नेपाली कांग्रेस |
| ३ | **मन्तव्य** | श्री मिलन बस्नेत | रा.प्र.पा.नेपाल |
| ४ | **प्रतिवद्धता मन्तव्य सहित कार्यक्रम समापन** | श्री विष्णुदत्त गौतम | प्रमुख एवम कार्यकारी अधिकृत |

**राष्ट्रिय गान :– सवैबाट**

**कार्यक्रमको समुद्घाटन : राष्ट्रिय गानबाट**




**(१) उठेका सुझावहरुमा प्रतिवद्धता (योजना सग सम्बन्धित)**

**श्री शैलेन्द्र प्रसाद श्रेष्ठ**

वरिष्ठ ईन्जिनियर, सिद्धार्थनगर नगरपालिका कार्यालय

कार्यक्रममा सहभागीहरुलाई स्वागत गर्दै कार्यक्रमको उद्देश्यका बारेमा सिद्धार्थनगर नगरपालिकाका योजना प्रमुख **शैलेन्द्र प्रसाद श्रेष्ठ**ले छोटो खबरमा पनि सिद्धार्थनगर नगरपालिका को निम्तोलाई स्वीकार गरेर आउनुभएका सबै अतिथि र सहभागी लाई स्वागत गर्नुभयो । सिद्धार्थनगर नगरपालिकाले प्रदान गर्ने सेवा प्रवाहका बारेमा जनचासो भएकैले उहाहरु यहां आएको हुनसक्ने बताउदै त्यस्तो चासो जगाउन सकेकोमा नगरपालिकाले खुशी महसुस गरेको जानकारी गराउनु भयो । आफ्ना सेवा प्रवाहका बारेमा जन गुनासो सुन्न, पृष्ठपोषण लिन र पारदर्शीता तथा जवाफदेयीता बन्न सार्वजनिक सुनुवाइ कार्यक्रमको आयोजना गरिएको उहाले बताउनुभयो । उहाले सिद्धार्थनगर नगरपालिकाको चालु आर्थिक वर्षका योजनाहरुका बारेमा समेत जानकारी दिनु भएको थियो ।

१. कार्यको गुणस्तर सम्बन्धमा जगेडा कोष सडक वोर्ड लगाएतका योजनाहरुमा गुणस्तर कायम गर्नको लागि प्रत्येक साईट इन्चार्जको निगरानीमा साईट सुपरीवेक्षण गर्नका लागि प्रत्येक साईट इन्चार्जको लागि एक एक सुपरभाईजरको व्यवस्था गरिएको, गुणस्तरको परिक्षण गर्ने व्यवस्था गरिएको छ । गुणस्तरको कार्य नगरेकोमा पुन गर्न लगाईएको छ । योजना अनुगमन समितिवाट योजना निरिक्षण गर्ने गरिएको छ ।

२. खाल्डा, खुल्डी भएका सडकहरुमा IUDP कार्यक्रमवाट सडक खन्दा निस्केको ग्रेभल Filling गरी न.पा.का खाल्डा खुल्डी भएका सडकहरु सम्याउने काम छिट्टै शुरु गरिने छ ।

३. यस नगरपालिकाको समानुपातिक रुपमा सवै वडाहरुमा कार्यक्रम पारिएको छ । यसो गर्दा गत आ.व. मा सम्पन्न भएका योजनाहरुलाई समेत आधार बनाइएको छ ।

४. सार्वजनिक शौचालय निर्माणको लागि पहलहरु भइरहेको न.पा. का २० विपन्न बस्तीहरुमा सार्वजनिक शौचालय बनाउन कार्यक्रम तयार पारिएको छ । तर व्यवस्थित क्षेत्रहरुमा जग्गा अभावले गर्दा कार्य अगाडि बढेको छैन ।

५. ADB को सहयोगमा संचालित एकिकृत शहरी विकास परियोजना अन्तरगत सडक निर्माण कार्य महावीरपथ, खजहना पथ, मैत्रीपथ, नारायणपथ, गल्लामण्डीपथ र उपदयपथ गरी १० कि.मी. सडक साथै उत्तर दक्षिण बगेका पुराना कुलाहरु करिव ५० कि.मी. नाला र पटखौली गा..वि.स.मा सेनेटरी ल्याण्ड फिल्ड साईट ६ विगाहा जग्गामा निर्माण गर्ने कार्य शुरु भएको छ ।

६. हनुमान मन्दिरमा छठपर्व मनाउन पोखरी निर्माणको लागि प्रस्ताव तयार भएको छ । उक्त निर्वाचन क्षेत्र विकास कार्यक्रम तथा जिविसको लगानीमा नगरपालिकावाट प्राविधिक रेखदेख र कार्यान्वयन गर्ने गरी पसल क्वायल निर्माणको लागि काम शुरु हुने भएको छ ।

७. नयां योजना प्रस्ताव भएर आएका सम्पुर्ण कार्यक्रमहरु न.पा. वाट स्रोत कमीका कारणले बजेटमा व्यवस्था गर्न नसकिने तर वडा भेला हुंदा पहिलो प्राथमिकतामा राखेर वडावासीवाट प्रस्ताव भई आएका त्यस्ता योजना नगरपरिषदवाट निर्णय भई कार्यान्वयन गर्ने कार्य भैरहेको छ ।

८. सडकको मापदण्ड निर्वाचित जन प्रतिनिधीको कार्यकालमा स्वीकृत भएको र हाल सम्म सोही मापदण्ड बमोजीम घर नक्सा स्वीकृत तथा विकास निर्माण कार्य भैरहेको छ । मापदण्ड पुनरावलोकन गर्न आवश्यक देखिएमा प्रचलित कानून बमोजिम पुनरावलोकन गरिने छ ।

९. डुवानको समस्या समाधानको लागि IUDP अन्तरगत नाला निर्माणको कार्य शुरु हुदैछ । २ वर्ष भित्रमा उक्त आयोजना सम्पन्न भए पश्चात समस्या अधिकांश रुपमा समाधान हुने अपेक्षा गरिएको छ ।

१०. अटो भिलेजको निर्माणमा न.पा.ले सडक ग्रेभल र विद्युतिकरणको कार्य भएको र सहयोगको कम जारी रहने छ ।

११. Labor Market बनाउने विषयमा उद्योग बाणिज्य संघ, निर्माणकर्मी संघ र निर्माण व्यवसायी संघ संग छलफल गरी अघि बढाईने छ ।

१२. प्राविधिकहरुले कार्यालयको कामममा भन्दा व्यक्तिगत काममा बढी समय दिने गुनासो सम्बन्धमा न.पा.का सम्पुर्ण विकास निर्माण सम्बन्धि कार्यहरु समयमै शुरु भै तोकिएको समयमा सम्पन्न हुने गरेको छ । प्राविधिकको कारणले कार्यमा ढिलाई भएको छैन । योजना कार्यान्वयनको चरणमा प्राविधिक कर्मचारीहरु सुपरिवेक्षणलाई अझ तिव्र बनाइने छ ।

१३. मायादेवी तरकारी बजारलाई व्यवस्थित गर्न पटक पटक प्रयास गरिएको छ । समस्या समाधानका उपायहरु निकाल्दै अगाडी बढ्ने प्रयास भएको छ ।




**श्री विवेक कुमार खनाल वरिष्ठ अधिकृत, सिद्धार्थनगर नगरपालिका कार्यालय**

१. नगर सरसफाई कार्यलाई थप प्रभावकारी बनाउन सरोकार वालाहरुबीच अन्तरकृया गरी सरसफाई सम्बन्धी कार्य योजना तयार गरीएको । उक्त कार्य योजना अनुरुप ५ दिने बृहद् नगर सफाई अभियान संचालन गरिएको, जसमा व्यापक जनसहभागिता रहेको । बृहद नगर सरसफाई अभियानको समीक्षा कार्यक्रम समेत नेपाल सरकारका मूख्य सचिवज्यूको प्रमुख आतिथ्यतामा सम्पन्न भएको । उक्त अभियान संचालन पछि स्थानीय तहका विभिन्न संघ संस्थारुको विशेष सकृयता तथा अगुवाईमा वडास्तरीय सरसफाई अभियानहरु संचालन भैरहेका छन् । नगरपालिकाद्धारा सवै सवडाहरुमा सरसफाई सम्बन्धी १ दिने अभिमुखीकरण कार्यक्रम संचालन गरी बडातहको अभियान समेत संचालन गर्ने तयारी भैरहेको छ । प्रचलित कानून विपरित जथाभावी फोहर मैला निस्कासन गर्नेहरुलाई कानून बमोजिम जरिवाना गर्ने पद्धति कार्यान्वयनको समेत तयारी भैरहेको छ । फोहर मैला व्यवस्थापन सम्बन्धमा स्थानीय तहवाट आउने जनगुनासोहरु न्युन हुदै गएको छ । कालो प्लाष्टिकलाई पूर्ण रुपमा निषेध गर्ने कार्य धेरै हदसम्म कार्यान्वयन भैरहेको छ । जैविक फोहर मैलावाट कम्पोष्ट मल बनाउने विषयमा १ दिने अन्तरकृया कार्यक्रम सम्पन्न भएको छ । स्थानीय संघ संस्था तथा नीजी क्षेत्रवाट यस्तो कार्यमा लगानी गर्न तत्परता देखाएमा आवश्यक पर्ने प्राविधिक सहयोग उपलब्ध गराउने संस्थाहरुसंग समन्वय र सहकार्य नगरपालिकाले गर्ने नीति अवलम्वन गरिएको छ । यसका लागी Practical Action लगायतका संस्थावाट सहयोग गर्ने आवश्वासन प्राप्त भएको छ ।

२. सडकको सवारी आवागमनमा अवरोध पुग्ने गरी निर्माण सामाग्री राख्ने, पशु वस्तु छाडा छोड्ने जस्ता गतिविधीहरुलाई निरुत्साहित गर्न संचार माध्यमहरुवाट सूचना प्रवाह गर्ने कार्य गरिएको छ । ट्राफिक प्रहरीसंग समन्वय गरी छाडा चौपाया नियन्त्रण गर्ने योजना बनाएको र यथाशीघ्र कार्यान्वयन गर्ने तयारी भैरहेको छ । यस कार्यका लागि ट्राफिक प्रहरीवाट सिकी, ताला तथा पेन्ट (रंग) उपलब्ध गराई दिन अनुरोध भए बमोजिम उक्त सामानहरु उपलब्ध गराइएको छ ।

३. स-सना नाला सरसफाई गर्ने कार्य नगरपालिकाको विद्यमान स्रोत साधनवाट नियमित रुपमा भैरहेको छ । ठूला नालाहरुको सरसफाई कार्य वर्षाद् अगाडी गराउने तयारी भैरहेको छ । IUDP अन्तरगत सतह ढल निर्माण कार्य प्रारम्भ भैसकेकोले आयोजना सम्पन्न भए पछि डुवानको समस्या धेरै हदसम्म समाधन हुने अपेक्षा गरिएको छ । नालीमा जथाभावी प्लाष्टिक तथा फोहर मैला फाल्ने प्रवृतिका कारण डुवानको समस्या बढ्ने गरेको हुंदा त्यस्तो प्रवृति निरुत्साहित गर्न वडा तहको सरसफाई अभियानमा विशेष ध्यान दिने तयारी गरिएको छ ।

४. भुस्याहा कुकुर नियन्त्रणका लागि विगतमा नगरपालिकाले विषादीको प्रयोग गर्दै आइरहेकोमा पशु अधिकारवादी संघ संस्थाहरुवाट आपत्ति जनाउने कार्य भएकोले भुस्याहा कुकुर मार्न सकिएको छैन । अन्य वैकल्पिक उपाय अवलम्वन गरी भुस्याहा कुकुर नियन्त्रण गर्ने संस्थाहरुसंग समन्वय गरी नियन्त्रणको लागी प्रयाश भैरहेको छ ।

५. नगरपालिकालाई खुल्ला दिशामुक्त घोषणा गर्ने सम्बन्धमा हालसम्म २ वटा वडाहरु घोषणा भैसकेको, ५,९ र १२ नं. वडाहरु यथाशीघ्र घोषणा गर्ने तयारीमा रहेको छ । बांकी वडाहरुमा पनि तथ्यांक संकलन गर्ने, समिति वठन गर्ने, अभिमुखीकरण गर्ने र शौचालय निर्माण गर्न लगाउने कार्य भैरहेको छ । अव करिव १२०० शौचालय निर्माण गर्न बांकी देखिएको छ । खुल्ला दिशामुक्त क्षेत्र घोषणा गर्ने कार्यका लागी छिटै MWASHCC बैठक बसी आवश्यक रणनीतिक योजना तर्जुमा गर्ने तयारी भैरहेको छ । यसवाट शौचालय निर्माणका लागि नगरपालिका तथा अन्य सम्बद्ध निकायवाट प्रदान गरिने सहयोग सम्बन्धी नीतिमा स्पष्टता आई स्थानीय तहमा प्राप्त हुने सहयोग निश्चित हुने र शौचालय निर्माणमा तीब्रता आउने अपेक्षा गरिएको छ । सन् २०१५ भित्र नगरपालिकालाई खुल्ला दिसा मुक्त घोषणा गर्ने लक्ष्यका साथ काम भैरहेको छ ।

६. सार्वजनिक सम्पत्तिको रेखदेख र संरक्षणका लागि लगत कायम गर्ने, संरक्षणमा स्थानीय वासीन्दा र संघ संस्थाहरुलाई पनि जिम्मेवार बनाउने प्रयत्न भैरहेको छ । नगरपालिकाको सवारी साधनहरु दुरुपयोग हुन नदिने तर्फ समुचित ध्यान दिएका छ । वडा समितिहरुको भूमीकालाई प्रभावकारी बनाउन प्रयत्न भैरहेको छ । बसपार्क वाट गाडी छुट्ने व्यवस्था र पुस्तकालयलाई वालमैत्री तथा सुविधायुक्त बनाउने कार्य समेत भैरहेको छ ।




**श्री गणेश बहादुर क्षेत्री वरिष्ठ वरिष्ठ अधिकृत, सिद्धार्थनगर नगरपालिका कार्यालय**

## उठेका सुझावहरुमा प्रतिवद्धता ( आ.प्र. सग सम्बन्धित)

**१ आन्तरिक श्रोतको तुलनामा प्रशासनिक खर्च वृद्धी भएको किन ? श्रोत वृद्धी तर्फ के भइरहेछ ।**

स्थानिय निकायले हाल लिदैं आएका विभिन्न कर शुल्कहरु स्था.स्वायत्त शासन ऐन २०५५ तथा स्थानीय स्वायत्त शासन नियमावली २०५६ ले निर्दिष्ट गरेको दररेटको परिधी भित्र रहेर लिएको । आज

भन्दा १५ वर्ष अधिको नियमावली अनुसार कायम दररेट अनुसार उठने राजश्व रकमको न्युनतम तुलनामा कर्मचारीको तलब चार पाँच गुना वढी सकेकोले प्रशासनिक खर्च वृद्धी भएको हो ।

न.पा.ले आफनो आन्तरिक श्रोत बृद्धीको लागि चालु वर्षमा वार्ड नं.१३ हाटबजारमा १६ वटा सटर कवल तथा वार्ड नं.१ वेलहिया भंसार कार्यालय अगाडी पनी सटर कवल निर्माण कार्य प्रारभ्म गरेको र यसबाट न.पा.ले वार्षिक १५।२० लाख थप आय आर्जन हुने अनुमान छ । यसका साथै अन्य आयमुलयोजनाहरुको खोजी कार्य समेत भैरहेको र प्रशासनिक शिर्षकको खर्च तर्फ गत वर्षको यथार्थ खर्चमा समेत कटौती गरि विभिन्न शिर्षकमा रकम घटाइएको र  रिक्त दरबन्दीहरु समेत खारेज गरिएको छ ।

**२.शिक्षामा कति लगानी गर्नु पर्ने हो ? पुर्वाधार विकास गर्नू पर्ने ।**

स्थानीय स्वायत्त शासन नियमावलीमा शिक्षा तर्फ निश्चित रुपमा लगानीको लागि किटानी नगरेता पनी यस न.पा ले वार्ड नं. ९ को बिन्दवासीनी मि.सु.जु.प्रा.वि.लाई स्थापना भए देखी २ जना कर्मचारीको तलब आदिको व्यवस्था गरि आएको । भैरहवा बहुमुखी क्याम्पसलाई नियमित रुपमा अनुदान दिदै आएकोमा गत वर्ष पुर्वाधार निर्माण गर्न रु.१०लाख विनियोजन गरि खर्च गरिएको यसका साथै विभिन्न सरकारी स्कुलहरुमा विभिन्न पुर्वाधारका सामाग्री दिदै आएको छ । यस्तो सहयोग नगरपालिकामा उपलव्ध श्रोत साधनमा निर्भर रहने हुँदा श्रोत साधन भएको अवस्थामा सहयोगलाई निरन्तरता दिइनेछ  ।

**३. महिला शशक्तिकरणको वजेट कहाँ खर्च भयो ? महिला लक्षित कार्यक्रम अनुसार भए भएन**

चालु वर्षको वजेटमा महिलाहरुका लागि विनियोजन गरिएको वजेट महिलाहरुद्धारा पारित कार्यक्रममा नै खर्च गरिएको छ । जस्तै : सिपमुलक कार्यक्रम, स्वास्थ्य सम्बन्धि जनचेतना मुलक कार्यक्रम , सर सफाई सम्बन्धि कार्यक्रम , अवलोकन भ्रमण आदी । लक्षित वर्गको लागि संचालित हुने कार्यक्रम सम्बन्धित वर्गले प्रत्यक्ष लाभ पाउने गरी या्जना छनौट गर्ने कार्यान्वयन गर्ने र अनुगमन गर्ने कार्यमा सम्बन्धित वर्गको सहभागितालाई सुनिश्चित गर्न थप प्रयासहरु गरिने छ । यस सम्बन्धमा आगामी वर्षको वजेटमा स्पष्ट हुने गरी गत नगरपरिषदबाट वजेट कार्यक्रम समेत स्वीकृत भैसकेको छ । यस कार्यलाई आगामी वर्षहरुमा पनि निरन्तरता दिइनेछ ।

**४. रिक्शाको भाडाँ दरदेट तोक्न पर्ने ?**

नगरपालिका क्षेत्र भित्र चल्ने रिक्शाको भाँडाको दर तोक्ने सम्बन्धमा सम्बन्धित सरोकारवाला निकायहरु विच समन्वय वैठक राखी आवश्यक निर्णय गर्ने तर्फ पहल भैरहेको छ ।

**५ बसपार्क भित्रको पार्किङ्ग स्थल र आँखा अस्पतालको पार्किङ्ग व्यवस्थित बनाउनु पर्ने ।**

बसपार्क भित्रको पार्किङ्ग व्यवस्था र आँखा अस्पताल अगाडीको पार्किङ्ग व्यवस्थापनमा प्रभावकारीता ल्याउन सम्बन्धित संस्थाहरुसँग छलफल भैरहेको छ । बसपार्कको टर्मिनल भवन मर्मत तथा

रंगरोगनको लागि लागत अनुमान गर्ने कार्य भएको छ । हाल तत्काल गर्नु पर्ने ठुलो प्रकितिका ममृत सम्भार कार्य नगरपालिकाले गर्ने र यसपछीको सानो तिनो नियमित सम्भारको जिम्मा सम्बन्धित संस्थाले नै गर्ने व्यवस्था मिलाउने गरी MOU गर्ने तयारी समेत भैरहेको छ । आँखा अस्पताल नजिकको क्षेत्र तथा अन्य उपर्यूक्त क्षेत्रको पार्किङ्ग व्यवस्थापन नगरपालिकाले गर्ने गरी आवश्यक अध्ययन कार्य भैरहेको छ ।



(२) सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गर्नुहुदै **संयोजक टि.पी. भुसाल** ज्यू,

कामना मिडिया एण्ड डिजिटल प्रिन्ट, सिद्धार्थनगर-८ ,रुपन्देही

## कार्यकमको नामः सार्वजनिक सुनुवाई कार्यकम



**आयोजक :** सिद्धार्थनगर नगरपालिका कार्यालय
**सेवा प्रवाहको सर्वेक्षण तथा मूल्यांकन तथा सेवाग्राहीको सन्तुष्टी मापन :** कामना मिडिया एण्ड डिजिटल
**स्थान :** सभागृह
**मिति :** २०७१ फाल्गुण २९ गते शुक्रबार ।
**कार्यकमका सहभागीः** सिद्धार्थनगर नगरपालिकाका स्थानीय वासिन्दा,नागरीक समाजका अगुवा,राजनीतिक दलका प्रतिनिधि, टोल विकास सस्थाका अध्यक्ष ।

**कार्यकममा सहभागी संख्या :** ८५ जना
**सहजकर्ता :** ३ जना ।

सिद्धार्थनगर नगरपालिकाले प्रदान गर्ने सेवा प्रवाहका बारेमा सार्वजनीक सुनुवाइ कार्यकम २०७१ फाल्गुण २९ गते शुक्रवार नयां सडक स्थित सिद्धार्थनगर नगरपालिकाको सभागृहमा सम्पन्न भयो ।कार्यकम सार्वजनिक सुनुवाईको आयोजना सिद्धार्थनगर नगरपालिकाले गरेको थियो । कार्यकममा सहजीकरण तथा सेवा प्रवाह र



नागरिकको सन्तुष्टी मापनको सर्वेक्षण तथा मुल्यांकन टि.पी. भुसाल , दिपक घिमिरे र गोपाल बन्जाडेले गर्नुभएको थियो ।

**कार्यक्रमको उद्देश्य :**

सिद्धार्थनगर नगरपालिकाले गर्ने विकास निर्माण तथा सेवा प्रवाहका बारेमा नागरिकको धारणा बुझ्ने, सुझाव तथा प्रतिक्रिया लिने प्रमुख उद्देश्य रहेको थियो । यसैगरी नगरपालिका आफ्नो काम र जिम्मेवारी प्रति पारदर्शी, कर्तव्यनिष्ठ र जिम्मेवार बन्नु अर्को उद्धेश्य रहेको थियो ।

कार्यक्रममा नागरिकबाट लिइएका मत,नागरिक प्रतिवेदन, सन्तुष्टीमापन लगायतलाई सार्वजनीक गर्ने, नागरिकबाट सुझाव लिने र नागरिकको सुझाव अनुसार आफ्ना कामकारवाहीमा सुधार ल्याउने कार्यक्रमको अपेक्षा रहेको थियो ।

८५जना सिद्धार्थनगरका वासिन्दा कार्यक्रममा सहभागी भएका थिए । कार्यक्रमलाई दुई भागमा विभाजन गरिएको थियो । औपचारिक उद्घाटन सत्रलाई संचालन सिदार्थनगर नगरपालिकाका सुचना अधिकृत देव ज्ञवालीले संचालन गर्नुभएको थियो भने खुला सत्र अर्थात सवालजवाफ सत्रलाई कामना मिडिया एण्ड डिजिटलका तर्फबाट टि.पी. भुसालले संचालन गर्नुभएको थियो

सिद्धार्थनगर नगरपालिकाका प्रमुख कार्यकारी अधिकृत विष्णुदत्त गौतमको अध्यक्षतामा सम्पन्न उक्तकार्यक्रममा विभिन्न दलका प्रमुख तथा प्रतिनीधि, संचारकर्मी, व्यवसायी लगायतको सहभागीता रहेको थियो । कार्यक्रम अवधीभरको क्रियाकलापलाई उतार गरि गोपाल बन्जाडे, दिपक घिमिरे र पत्रकार टि.पी. भुसालले प्रतिवेदन तयार पार्नु भएको थियो

**उद्घाटन सत्र**
**अतिथि :** ४ जना




**वक्ता :** ३ जना
**सहभागी : ८५** जना
**अध्यक्षता** :विष्णुदत्त गौतम, प्रमुख कार्यकारी अधिकृत सिद्धार्थनगर नगरपालिका
**सुनुवाईमा सहभागी :** ८ जना
**कार्यक्रम संचालक : देव ज्ञवाली सुचना अधिकृत सिदार्थनगर नगरपालीका**

सिद्धार्थनगर नगरपालिकाले प्रदान गर्ने सेवा प्रवाहका बारेमा

सार्वजनीक सुनुवाइ कार्यक्रम अध्यक्षको आशन ग्रहणसंगै दिउसो १ बजे सिद्धार्थनगर नगरपालिकाको सभागृहमा सुरु भई दिउसो ५ बजे सम्पन्न भएको थियो ।
 उद्घाटन सत्रमा जिल्लाका सरोकारवालाहरुलाई पनि बोलाइएको थियो । जसमा विभिन्न दलका प्रतिनिधि, संचारकर्मी लगायतको आतिथ्यता थियो । उद्घाटन सत्रमा नगरपालिकाका बरिष्ठ ईन्जिनियर शैलेन्द्र प्रसाद श्रेष्ठले सार्बजनीक सुनुवाईको बारेमा प्रकाश पार्नु भएको थियो ।

**कार्यक्रम संचालक : टि.पी. भुसाल**

सार्वजनीक सुनुवाइको पहिलो वक्ता टि.पी. भुसाल हुनुहुन्थ्यो । उहाले सार्वजनिक सुनुवाइका मापदण्ड, लक्ष्य उद्धेश्य तथा सिद्धार्थनगर नगरपालिकामा सार्वजनीक सुनुवाइ गर्नुपूर्व तयार पारिएको नागरीक प्रतिवेदन, सेवा प्रदायकहरुको बुझाई र सेवाका बारेमा सेवा ग्राहीहरुको सुन्तुष्टी मापन प्रतिवेदन सार्वजनिक पनि गर्नुभएको थियो । जसको अध्ययन र सार्वजनिक समय करिब १० दिन लागेको थियो ।

सर्बेक्षणमा ५० जना नगरपालिका कार्यालयमा आउने सेवाग्राहिहरु तथा वार्ड नं. १ र ४ मा ५०/५० जना गरि १०० जना संग अभिमत बुझनको लागी सबै जातजाति, लिंग का आधारमा वडावासीहरु लाई सहभागी गराइएको थियो । जसमा सहभागीहरुबाट बिभिन्न खालका जवाफहरु आएका थिए । नराम्रो अर्थात सन्तुष्ठ नभएकोमा एकदमै कम नागरिकको मत परेको थियो । मत सर्बेक्षणमा रहेको प्रश्नावलीमा धेरैकम मात्राले सबै प्रश्नहरुमा सहभागीता जनाएका थिएनन् । उहाले सार्वजनिक सुनुवाइको आचारसंहिताका बारेमा पनि जानकारी गराउनु भएको थियो । जसमा वक्ताले प्रत्यक्ष सरोकारका बिषयमा मात्र प्रश्न गर्ने, एक अर्कालाई आक्षेप लगाउन नपाईने, छोटो प्रश्न सोध्नुपर्ने लगायत आचार संहिता जानकारी गराईएको थियो ।

कार्यक्रम संचालक टि.पी. भुसालको प्रस्तुतीपछि कार्यक्रम खुला सत्रमा परिणत भएको थियो । जसलाई टि.पी. भुसालले नै संचालन गर्नुभएको थियो । जसमा ८ सहभागीहरुले मात्र प्रश्न गर्नुभएको थियो । कार्यक्रममा सवैजनाको मौखीक प्रश्न मात्र रहेको थियो । सहभागी सबैले प्रश्न राखेपछि त्यसको बिषयगत शिर्षकमा सि.न.पा.का कार्यकारी अधिकृत विष्णुदत्त गौतमले जवाफ दिनु भएको थियो ।

**सार्वजनिक सुनुवाई कार्यक्रममा उठेका जिज्ञासा तथा सुझाव हरु :**

☛पूर्व कार्यकारी अधिकृत भोज बहादुर क्षेत्री को कार्यकालमा वडा नं ३ मा बाटोका लागी छुट्टाईएको बजेट वाटो नवन्दै सकियो भनियो किन?

☛भिम अस्पतालमा किन डा. समयमा बस्दैनन् ?

☛पार्क बनाउनका लागी नीजिक्षेत्र पनि सहकार्य गर्न तयार

☛साक्षर अभियानमा नगरपालिकाको न्यून उपस्थिति किन ?

☛ए.डि.वि.को कार्यक्रम के  अवको २ वर्षमा सम्पन्न हुन्छ त?

☛विधुत, खानेपानी,जस्ता प्रश्नको जवाफका लागी कार्यक्रममा अन्य कार्यालय हरुको पनि उपस्थिति हुनु पर्ने ।

☛न.पा.ले सरसफाई का लागी नगरवासीलाई निशुल्क बाल्टी उपलब्ध गराउनु पर्ने ।

☛भिम अस्पतालको साधन हरु डा.हरुले किन झोलामा लिएर हिँडछन्?

☛न.पा.को पोल बत्ती किन थोरै छन ?

☛न.पा. ले वनाएको बाटो किन ६ महिनामै भत्किन्छन ?

☛सि.न.पा ८ नम्वरमा सार्वजनिक जग्गा अरुले मिचेको उजुरी दिदा  पनि किन न.पा. ले हेरेको छैन ?

☛ सि.न.पा ८ नम्वरमा सार्वजनिक जग्गा अरुले मिचेको उजुरी गर्न जाँदा सेवाग्राहीलाई कर्मचारीले किन कार्यालय भित्र जानवाट रोके ?

☛सि.न.पा. १ मा भएका खाल्डा जमिनलाई पुरेर गरिव दलित हरुलाई वस्ने वातावरण मिलाउन पर्ने ।

☛ भिम अस्पताल अगाडीका मेडिकलहरु वाट निस्कने सुई सिरिन्जहरु जथाभावि  फालिएको हुन्छ त्यसलाई व्यवस्थित गर्नु पर्ने

☛बैँक रोडमा सार्वजनिक शौचालय वनउनु पर्ने ।

☛लामखुट्टे नियन्त्रणमा  किन सम्वन्धित निकाय मौन छ ?

☛सार्वजनिक सुनुवाईमा कम जनसहभागीता हुनु न.पा. प्रतिको अविश्वास हो कि?

☛जन प्रतिनिधि नभएको अवस्थामा गाँउवासी राखेर योजना तर्जुमा गर्नुपर्ने ।

☛ सार्वजनिक सुनुवाईमा उठेका प्रश्नहरुको  जवाफ अर्को सार्वजनिक सुनुवाईमा पुरागर्नु पर्ने

☛ सार्वजनिक सम्पत्तिको संरक्षण गनुपर्ने

☛ कर्मचारी प्रतिको असन्तुष्टि लाई सन्तुष्टि पार्नु पर्ने

☛न.पा.को सम्पत्ति सभागृहलाई बैधानिक नाम दिनुपर्ने । न्वारान गर्नु पर्ने ।. प्रति दशहजार

☛जनसंख्यामा १ जनामा मलेरिया देखा परेमा त्यस्तो ठाउँमा झुल वितरण भएको ।हाल ग्लोवल फण्डको सहयोग रोकिएकोले कम मात्रामा झुल वितरण कार्य भएको ।

☛ भिम अस्पतालको बारेमा जनताले जस्तै चासो नेताले पनि राख्नु पर्ने तव मात्र अस्पतालको सुधार हुने ।

☛ २०३५ सालमा २५ बेड बाट सुरु भएको अस्पताल राजनितिक कमजोरीको कारणले २५ बेडमै सिमित रहेको ।

☛ गल्तिगर्ने व्यक्तिलाई छोडनको लागी होईन कारवाहीगर्नको लागी दवाव दिन पर्ने ।

☛ जनता विना पोशाकका ट्राफिक हुन् जनता ले पनि आफ्नो भुमिका निर्वाह गर्नुपर्ने

☛शान्ति सुरक्षा कायम गर्नका लागी प्रहरी अत्यन्त संबेदनशिल रहेको ।

**प्रश्नकर्ताका प्रश्नहरु निम्नानुसार रहेका थिए ।**



**१ राजेन्द्र गुप्ता केन्द्रिय सदस्य सदभावना पार्टी सि.न.न.पा. ३ः**

☛ पुर्व कार्यकारी अधिकृत भोज बहादुर क्षेत्री को कार्यकालमा वडा नं ३ मा बाटोका लागी छुट्टाईएको बजेट वाटो नवन्दै सकियो भनियो किन?

☛ भिम अस्पतालमा किन डा. समयमा बस्दैनन् ? ☛ पार्क बनाउनका लागी नीजिक्षेत्र पनि सहकार्य गर्न तयार ।

**२. चर्तुभुज रेग्मी वडा नं. ७**

☛ साक्षर अभियानमा नगरपालिकाको न्यून उपस्थिति किन ?

☛ ए.डि.वि.को कार्यक्रम के अवको २ वर्षमा सम्पन्न हुन्छ त?





**३.सुरेन्द्र क्षेत्री, सि.न.न.पा १**

☛. यस्ता कार्यक्रमहरुमा विधुत, खानेपानी,दुरसंचार जस्ता कार्यालयका प्रमुख हरुको पनि उपस्थिति हुनु पर्ने

☛सार्वजनिक शौचालयको व्यवस्था गर्नुपर्ने ।

☛सरसफाईका लागी १ देखी १३ वटै वडाका घरधुरीहरुलाई एक पटकको लागी १, १ वटा बाल्टी न.पा.ले सके निःशुल्क नत्रभने ५० प्रतिशत रकम दिएर भएपनि उपलब्ध गराउनु पर्ने ।

**४.भगवती भण्डारी वडा नं. ३**

☛भिम अस्पतालको साधन हरु डाक्टरहरुले किन झोलामा लिएर हिँडछन् ? यसलाई रोक्ने कसले हो । ह





**५.धनिराम गौतम वडा नं. ८**

☛न.पा.को पोल बत्ती किन थोरै छन ?

☛न.पा. ले वनाएको बाटो किन ६ महिनामै भत्किन्छन ?



**६.गँगा देवी श्रेष्ठ सि.न.पा. ८**

☛. सि.न.न.पा ८ नम्वरमा सार्वजनिक जग्गा अरुले मिचेको उजुरी दिदा पनि किन न.पा. ले हेरेको छैन ?

☛ त्यस बारेमा कुरा गर्न जाँदा मलाई कर्मचारीले किन कार्यालय भित्र जानवाट रोके ?

**७.दिलिप कुमार हरिजन सि.न.न.पा १**

☛सि.न.न.पा. १ मा भएका खाल्डा जमिनलाई पुरेर गरिव दलित हरुलाई वस्ने वातावरण मिलाउन पर्ने ।





**८.रविशंकर वर्मा सि.न.न.पा ६**

☛ भिम अस्पताल अगाडीका मेडिकलहरु वाट निस्कने सुई सिरिन्जहरु जथाभावि फालिएको हुन्छ त्यसलाई व्यवस्थित गर्नु पर्ने

☛ बैंक रोडमा सार्वजनिक शौचालय वनाउनु पर्ने ।

सबै मिलेर नगरलाई सफा राख्नु

## १.मिलन बस्नेत सि.न.न.पा -४(रा.प्र.पा. नेपाल)



☛.नगरपालिकाले आयोजना गर्ने सार्वजनिक सुनुवाईमा नगरवासिको सहभागिता न्युन हुदै गएको छ । यसले नगरपालिका प्रति नगरवासिको अविश्वास बढ्दै गएको देखिन्छ ।

☛.नगरपालिकाले गर्ने सवैजसो काममा राजनैतिक दलको राय सुझाव लिन जरुरी छ । किनकी नगरपालिकामा जन प्रतिनिधि नभएको अवस्थामा दलका नेता जिम्मेवार हुन्छन् । त्यस कारणले गर्दा पनि नगरपालिका र नगरवासी एवम दलका नेतावीच सुमधुर सम्बन्ध कायम गरेर अगाडि बढ्न जरुरी छ ।

## २. राम प्रसाद श्रेष्ठ, अध्यक्ष नेकपा एमाले सिद्धार्थ नगर कमिटी




☛.सार्वजनिक सुनुवाईमा उठेका प्रश्नहरुको जवाफ अर्को सार्वजनिक सुनुवाईमा पुरागर्नु पर्ने

☛ सार्वजनिक सम्पत्तिको संरक्षण गनुपर्ने

☛ कर्मचारी प्रतिको असन्तुष्टि लाई सन्तुष्टि पार्नु पर्ने

## ३. सुरेन्द्र जंग थापा, सभापति नेपाली काँग्रेस, सिद्धार्थ नगर समिति



☛नगरपालिकाले आफ्नो गहनाको रुपमा सभागृहलाई बैधानिक नाम दिन जरुरी रहेको छ। यसको बिकास तथा मर्मतका लागि पनि नगरपालिकाले बिशेष ध्यान दिनु पर्दछ । नगरपालिका भित्र अहिले बालबालिका खेल्न तथा घुम्नका लागि एउटा पनि व्यवस्थीत पार्क छैन्न । पार्कको व्यवस्था गर्नु पऱ्यो । भैरहवामा रहेको एउटा पार्क पनि व्यापार गर्ने थलेको रुपमा प्रयोग हुन थालेको छ । यसलाई बिशेष ध्यान दिन अनुरोध गर्दछु । नगरलाई हराभरा एवम् सुन्दर राख्नका लागि हरियाली पार्क र फोहर मैलाको व्यवस्थापनमा अझै बढी जोड दिनु पऱ्यो । राजनैतिक दल र नगरपालिका वीच नङ र मासुको

सम्बन्ध कायम गरी बिकास निमार्णका कामलाई तिब्रता दिनु पऱ्यो ।

## ४. केदारनाथ शाह, अधिकृत ,जिल्ला जनस्वास्थ्य कार्यालय, रुपन्देही

☛ प्रति दशहजार जनसंख्यामा १ जनामा मलेरिया देखा परेमा त्यस्तो ठाउँमा झुल वितरण भएको । हाल ग्लोवल फण्डको सहयोग रोकिएकोले कम मात्रामा झुल वितरण कार्य भएको ।




## ५. सर्वजित बरई, भिम अस्पताल

☛ भिम अस्पतालको बारेमा जनताले जस्तै चासो नेताले पनि राख्नु पर्ने तव मात्र अस्पतालको सुधार हुने ।

☛ २०३५ सालमा २५ बेड बाट सुरु भएको अस्पताल राजनितिक कमजोरीको कारणले २५ बेडमै सिमित रहेको । नगरभित्र जिम्मेवार नेता नहुदा अस्पतालको अबस्था नाजुक हुदै गएको । यसलाई यहाका स्थानिय र नेता मिलेर राम्रो बनाउनु पर्दछ ।






**६. नवराज पोखरेल,प्रहरी निरिक्षक , जिल्ला ट्राफिक कार्यालय, रुपन्देही**

☛ गल्तिगर्ने व्यक्तिलाई छोडनको लागी होईन कारवाहीगर्नको लागी दवाव दिन पर्ने ।
☛ जनता विना व्रदिका ट्राफिक हुन् जनता ले पनि आफ्नो भुमिका निर्वाह गर्नुपर्ने हुन्छ । नगरभित्रको ट्राफिक व्यवस्थापनका लागि आम नागरिक पनि उत्तिकै चासो हुन जरुरी छ ।

**७. चुडा बहादुर कार्की, प्रहरी निरिक्षकजिल्ला प्रहरी कार्यालय**



☛शान्ति सुरक्षा कायम गर्नका लागी प्रहरी अत्यन्त संबेदनशिल रहेको । नेपाल प्रहरी मुस्कान सहितको सेवा प्रदान गरिरहेको छ । नगर भित्र कुनै पनि खालको अशान्ती तथा झैझगडा भए प्रहरीलाई तत्काल खबर पनि शुरक्षित हुनुहोस ।

## सहभागीहरुले उठाएका प्रश्न /जिज्ञासाहरुको उत्तर दिदैं कार्यकारी अधिकृत बिष्णुदत्त गौतम




कार्यक्रममा सहभागीहले उठाएका प्रश्न/जिज्ञासाहरुको उत्तर दिँदै सिद्धार्थनगर नगरपालिका कार्यालयका प्रमूख कार्यकारी अधिकृत विष्णुदत्त गौतमले नगरपालिका लाई पृष्ठपोषण दिनुहुने सम्पुर्ण नगरवासीहरु प्रति सर्वप्रथम आभार व्यक्त गर्नुभएको थियो । ततपश्चात कार्यक्रममा उठेका प्रश्न/जिज्ञासाहरुको उत्तर क्रमैसंग दिनुभएको थियो । जसमा LGCDPको कार्यक्रम रोकिन गएको हुँदा वडा नं. ३ मा बाटोको कार्य केहीसमयको लागी रोकिन गएको, न.पा.भित्र शैक्षिक क्षेत्रमा शिक्षकको छनौटमा सहयोग गर्ने , अटोभिलेजमा ट्राफिकको लागी छिटैनै वाटो वनाईने,वडा नं. ९ र १२ मा एडिविको काम सुरुभईसकेको जसका लागी वरिष्ठ ईन्जिनियर शैलेन्द्र प्रसाद श्रेष्ठ संग सपर्क राख्नको लागी सवैमा जानकारी गराईएको ,वडा नं. ८ मा नक्सा निकालेर सार्वजनिक जग्गा मिचिएको वा नमिचिएको भन्ने यकिन गरिने, बृद्ध भत्ता वाणिज्य बैंक लगाएत अन्य बैंक हरुवाट पनि उपलब्ध गराईने,सडक बत्तीको समस्या परेमा न.पा बाट तुरुन्तै मर्मत गरिने र नयाँ हुने पिच बाटो बाट निस्किएको गिट्टीलाई हिलो बाटोमा तत्कालै हाली समाधान गरिने प्रतिबद्धता गर्नुभएको थियो ।उपस्थित सवैमा न.पा को निम्तो स्विकारेर कार्यक्रममा आउनुभएका सवैमा धन्यवाद ज्ञापन गर्दै कार्यक्रमको औपचारिक रुपमा समाप्त भएको घोषण गर्नु भएको थियो ।

सिद्धार्थनगर नगरपालिका कार्यालयको सार्वजनिक सुनुवाई कार्यक्रमलाई निम्नानुसार मुल्याँकन गर्न सकिन्छ :

**सकारात्मक पक्षहरु**

१. सेवाग्राही संगबाट न.पा. स्वयमले प्रश्न नगरि अन्य संस्थाहरुवाट आफ्नो कार्यालय प्रतिको दृष्टिकोण बुझ्नु ।

२. सहज वातावरणमा कार्यक्रम संचालन र सम्पन्न हुनु ।

३.अन्य कार्यालयको बारेमा उठेका जिज्ञासाहरुको पनि उत्तर समेट्ने कोशिश गरिनु ।

४. कार्यक्रममा उठेका  जिज्ञासाहरुको सरल तरिकावाट जवाफ दिईएको पाईयो ।

५. कार्यक्रम व्यवस्थापन पक्ष राम्रो ।

**सुधारात्मक पक्षहरु :**

१.नगर भित्र भएका अन्य कार्यालयका कार्यक्रम हरु संग नजुध्ने गरि सार्व जनिक सुनुवाई कार्यक्रम संचालन गरेमा नगरवासीहरुको बाक्लो सहभागीता हुने ।

२. नगर भित्र भएका अन्य कार्यालयका प्रमूख हरुलाई पनि सहभागीता गराउँदा उत्तम हुने ।

३. नगर भित्र संचालन भईरहेका निर्माण समितिका पदाधिकारी हरुलाई पनि सहभागीता गराउँदा कार्यक्रम अझ प्रभावकारी हुने ।

सार्वजनिक सुनुवाई कार्यक्रमको सहजकर्ता
कामना मिडिया एण्ड डिजिटल प्रिन्ट
टि.पी. भुसाल
संयोजक

# केही तस्विरहरु





| | |
|---|---|
| कार्यक्रममा सहभागी नगरवासीहरु | कार्यक्रम संचालक देव प्रसाद ज्ञवाली(सुचना अधिकृत) |





| | |
|---|---|
| कार्यक्रममा सहभागी नगरवासीहरु | विभिन्न राजनितिक दलका प्रतिनिधि तथा कार्यालय का प्रतिनिधिहरु |